आज मिति २०७६ साल कार्तिक १५ जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बञ्जाडेको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समिति, जुम्लाको हिमपात पूर्वतयारी तथा पूर्व प्रवन्ध सम्बन्धी बैठक बस्यो। उक्त बैठकमा स्थानीय तहका प्रमुखहरू, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू, राजनैतिक दलका पार्टी प्रमुख तथा प्रतिनिधिहरू, उद्योग वाणिज्य संघ, सन्चारकर्मीहरू, नागरिक समाज, रेडक्रस, विपद् सम्बन्धमा काम गर्ने विषयगत सरकारी तथा गैह्र सरकारी कार्यालयका प्रमुखहरू तथा प्रतिनिधिहरू लगाएत सरोकारवाला निकायको उपस्थितिमा देहायको निर्णय गरी विपद व्यवस्थापनमा समन्वयात्मक रूपमा काम गर्ने निर्णय गरियो।

कार्यक्रमको जिम्मेवारी तपशिल बमोजिम विभाजन गरी आपसी सहयोग समन्वय र सहकार्य गर्न प्रतिबद्धता व्यक्त गरियो।

| क्र.सं. | कार्यक्रमहरू | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | हिमपात तथा चिसोबाट प्रभावित हुन सक्ने क्षेत्र गाँउ टोलका प्रभावित परिवारहरूको पहिचान राहत तथा उद्धार कार्य गर्ने। | जिल्ला स्थित सम्पूर्ण स्थानीयतह (स्थानीय विपद् व्यवस्थापन समिति) | जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित सुरक्षा निकायहरू। |
| २ | प्राकृतिक तथा गैह प्राकृतिक विपद् व्यवथापनको लागि चाहिने स्रोत सामाग्री जस्तै दमकल, पानी ट्याङ्कर, डोरी, त्रिपाल लगाएतका अन्य आवश्यक उद्धार सामाग्रीहरूको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति (सबै स्थानीय तह) | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, रेडक्रस र मानवीय सहायता क्षेत्रमा काम गर्ने संघ संस्थाहरू। |
| ३ | विपद सम्बन्धी पूर्वतयारी तालिम सञ्चालन गर्ने। | जिल्ला स्थित सुरक्षा निकायहरू | स्थानीय तह, कलेज, विधालय, रेडक्रस, विपद्सँग सम्बन्धित संघ संस्थाहरू। |
| ४ | हेलिप्याड निर्माण (विपद व्यवस्थापनमा काम गर्ने, गर्भवती तथा सुत्केरी महिलाको उद्धार कार्य गर्ने) | वडा समिति (सबै स्थानीय तह) | जिल्ला स्थित सुरक्षा निकायहरू |
| ५ | हिमपातबाट हुन सक्ने कृषिवाली र पशुपन्छी क्षति न्यून गर्ने। | कृषि विकास कार्यालय, जुम्ला र<br>भेटेनरी तथा पशु सेवा डिभिजन कार्यालय,जुम्ला | स्थानीय तह, उपभोक्ता समिति, नागरिक समाज र अन्य सरोकारवाला निकाय। |
| ६ | चिसोका लागि आवश्यक पर्ने दाउरा तथा काठ व्यवस्थापन गर्ने। | डिभिजन वन कार्यालय,जुम्ला वन उपभोक्ता समिति, | स्थानीय तह |
| ७ | हिमपात विपद पूर्वतयारीका सचेतना मुलक सूचना सम्प्रेषण, जनचेतना मुलक कार्य गर्ने। | पत्रकार महासंघ, सञ्चारकर्मी र गैर सरकारी संघ संस्थाहरू | सबै कार्यालयहरू,कर्मचारी, संघ संस्था, नागरिक समाज |

२०७६।०८।१५

प्रमुख जिल्ला अधिकारी